
# लेखापरीक्षण प्रतिवेदन

# विहादी गाउँपालिका, पर्वत

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# विहादी गाउँपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/294

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
विहादी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
वहाकीठाँटी पर्वत।

**कैफियत सहितको राय**

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ९१ लाख ५५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५ लाख ६० हजार, वास (WASH) कार्ययोजना कार्यक्रमको रु. १ लाख ४४ र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. १४ लाख ३८ हजार समेत रु. ८ करोड १२ लाख ९७ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रु. ९२ करोड ०३ लाख ५४ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड २८ लाख १८ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. ३६ लाख २४ हजारको प्रतिक्रिया उपर कारबाही भई प्रतिकृयाबाट थप रु. ३ लाख १२ हजार समेत बाँकी बेरुजु रु. ९५ लाख ६ हजार मध्ये असुल गर्नुपर्ने रू. ५ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २३ लाख ६२ हजार र नियमित गर्नुपर्ने रु. ६५ लाख ८७ हजार रहेको छ । गत वर्षसम्म रु. ६ करोड ३८ लाख ८२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ७ करोड ३३ लाख ८८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य व्यहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | ३० | १,२८,१७,८९० | ० | ११ | ३६,२३,९८६ | ३,१२,००० | ४७ | १९ | ९५,०५,९०४ | ५,५६,९२७ | ६५,८६,७०९ | २३,६२,२६८ | ० | ० | ८९,४८,९७७ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्वत | ६,३८,८२,००० | ० | ० | ६,३८,८२,००० | ० | ९५,०५,९०४ | ७,३३,८७,९०४ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा नं. | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४२.३ | सामाजिक सुरक्षा तर्फः | ४१,६०१ |
| २ | २०८०/८१ | ३२ | सडक मर्मतः | १,९४,९१० |
| ३ | २०८०/८१ | ५६ | विद्यालयको शौक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः | २०,४३,७०० |
| ४ | २०८०/८१ | ३७ | मू.अ. कर दाखिलाः | १,०६,७८४ |
| ५ | २०८०/८१ | ४१ | दूधमा ढुवानी अनुदानः | २,११,२२१ |
| ६ | २०८०/८१ | ५७ | दिवा खाजा कार्यक्रमः | ८,०८५ |
| ७ | २०८०/८१ | ६१.२ | ठेक्का नं. २०८०।८१-२ (वहाकी मा.वि. चरकोठे भवन निर्माण): | ३,००,००० |
| ८ | २०८०/८१ | ३६ | घटी दाखिलाः | ३८,८०० |
| ९ | २०८०/८१ | ५५ | इन्टरनेट जडान : | ३,६०,००० |
| १० | २०८०/८१ | ६ | सञ्चित कोष दाखिलाः | ३,००,००० |
| ११ | २०८०/८१ | २९ | आन्तरिक आम्दानी दाखिला नगरेकोः | १८,८८५ |
| जम्मा | | | | ३६,२३,९८६ |

# (८०४४२५०५३०० - विहादी गाउँपालिका, पर्वत )

## परिचय

१ **परिचयः**

**क) कार्यालय परिचय:-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । ६ वडा रहेको यस पालिकाको क्षेत्रफल ४४.८ वर्ग किलोमिटर र जनसंख्या १०८२८ रहेको छ ।

**ख) लेखापरीक्षणको उद्वेश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१५ देखि २०८१।०६।१५ सम्म रहेको छ ।

**घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**ङ) लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**च) आर्थिक कारोबारको स्थिति:-** पालिकाको आय – व्ययतर्फ रु. ९२०३५४०००.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६३८६५ असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | जिन्सी निरीक्षण भत्ता | ३१५०० |
| २ | पारिश्रमिक कर | १४०७५ |
| ३ | पारिश्रमिक कर | २५२० |
| ४ | बढी भुक्तानी | १२०२० |
| ५ | अग्रीम आय कर | ३७५० |
| | जम्मा | ६३८६५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **जिम्मेवारीः**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । गत वर्षको प्राप्ति भुक्तानीको विवरण म.ले.प.फा.नं. २७२ मा अन्तिम मौज्दात रु. ६ करोड २९ लाख ६४ हजार ६९६।५१ रहेकोमा यो वर्षको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन म.ले.प.फा.नं. २७० मा पनि शुरु मौज्दात रु. ६ करोड २९ लाख ६४ हजार ६९६।५१ नै जिम्मेवारी सारेको देखिएको छ। यस वर्षको म.ले.प.फा.नं २७० तथा सोको अनुसुचीहरुमा यस वर्ष सारेको गत वर्षको जिम्मेवारी रु. ६ करोड २९ लाख ६४ हजार ६९६।५१ भिडान भएको देखिन्छ ।

३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले सम्पूर्ण आर्थिक कारोवारको लेखा राख्दा सुत्र प्रणालीबाट गर्नुपर्दछ। सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण, स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ९१ लाख ५५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५ लाख ६० हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. १४ लाख ३८ हजार र वास कार्यक्रमको रु. १ लाख ४४ हजार समेत गरी जम्मा रु. ८ करोड १२ लाख ९८ हजार सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **खाता शुन्य नबनाएकोः**

मुल संचितकोषबाट निकासा गरेको रकम मध्ये चालु खर्च खाता, पूँजिगत खर्च खाता र पालिकाले आम्दानी गरेको राजश्व खाता आर्थिक वर्षको अन्त्यमा पुनः मुल संचित कोषमा जम्मा गरी खाताहरु शुन्य बनाउनु पर्नेमा निम्नानुसार रकम बाँकी देखिएको छ । उक्त रकम गोस्वारा भौचर उठाई फिर्ता खर्च लेखि खाता शुन्य बनाउनु पर्नेमा सो समेत गराएको देखिएन । यस बाट संचित कोषको हिसाब र अन्य खाताको हिसाव यथार्थपरक छ भन्न सकिएन ।

| सि.नं. | खाताको नाम | बाँकी रहेको रकम |
|---|---|---|
| १ | चालु खर्च खाता | ७४०५३९१.५६ |
| २ | पुँजिगत खर्च खाता | ८६२६६८१.०६ |
| ३ | आन्तरिक राजश्व खाता | १८८१९२०.८३ |

५ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन अनुसुचीमा संलग्न रहेको छ।

- कार्यालयले पेश गरेको म.ले.प. फाराम नं. २७० को ६.२ मा रहेको नगद तथा बैंक मौज्दातको मौज्दात रकममा रु. ४,५१,९०,१९७.६३ रहेकोमा म.ले.प. फाराम नं. २७० को ७.१ मा रहेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा यस आर्थिक वर्षको अन्तिम मौज्दात (ज) रु. ४,५२,०९,०८२.६३ रहेको देखिन्छ । एउटै मौज्दात रकम विभिन्न प्रतिवेदनमा फरक फरक देखिएको हुँदा सो अन्तिम मौज्दात रकम मिलान हुनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६ **सञ्चित कोष दाखिलाः**

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु. १ करोड ३७ लाख २५ हजार रकम अबण्डा राखेको छ । उक्त अवण्डा रकम मिति २०८० चैत्र २५ को हिउँदे सभाको निर्णयबाट पुँजीगत तर्फ रु. १ करोड ३७ लाख २५ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णय साथै वडा समितिको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा :**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा व्यवस्था भएबमोजिम ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना

तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्नेमा समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **योजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल २९५ आयोजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | जम्मा आयोजना | रु. १० लाख माथिका | रु. ५ लाख देखि १० लाख सम्मका | रु. १ लाख देखि ५ लाख सम्मका | रु. १ लाख भन्दा कमका |
|---|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय | २९५ | ११ | १२ | ९८ | १७४ |

उपर्युक्त विवरण अनुसार पालिकाले धेरै संख्यामा साना आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित आयोजनाबाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले आयोजना प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

११ **गत विगतको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. २ करोड १४ लाख ६२ हजार भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१२ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रु. ४६ करोड ९१ लाख ६४ हजारको बजेट सभासमक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा सार्वजनिक निकायले सार्वजनिक खरिद कारबाही सुरु गर्नु अघि लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ भने नियमावलीको नियम १४ मा अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्वीकृत हुनुपर्ने र नियमावलीकै नियम १२५ को उपनियम ६(५) मा अधिकारप्राप्त अधिकारीले सार्वजनिक निर्माण कार्यको कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी खरिद कारबाहीको फरफारक गर्नुपर्ने उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम अधिकार प्राप्त अधिकारीबाट सार्वजनिक निर्माण कार्यको लागत अनुमान र कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन कार्यालय प्रमुखबाट स्वीकृत गरेको प्रमाण बेगर खरिद कारबाही सञ्चालन गरेको पाइयो । ऐन र नियमावलीको व्यवस्था बमोजिम खरिद कारबाही सञ्चालन गर्नुपर्दछ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।

• सञ्चालित आयोजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनुवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन।

• ठेक्का वा उपभोक्ता समितिबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण/अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन बापत खर्च लेखेकोमा भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन गरेको देखिने अभिलेख समेत राखेको छैन।

• पालिकाले कन्टीन्जेन्सी खर्चको अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• सम्झौता बेगर विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नाउँबाट सन्दर्भ प्रकाशन, जनचेतनामूलक सन्देश, शुभकामना लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको मागका आधारमा भुक्तानी गरेको देखियो ।

• पालिकाले विभिन्न वडाबाट सेवाग्राहीहरुलाई सभाले तोके बमोजिमको शुल्क तथा दस्तुर लिई सेवा प्रदान गर्नुपर्दछ । पालिकाले वडाबाट प्राप्त सिफारिस दस्तुर बैंक दाखिला गर्ने गरेतापनि वडाबाट भएको चलानी बमोजिमको सिफारिस र राजस्व असुली बीच भिडान भएको पाइएन । सिफारिस बमोजिम शुल्क असुली यकिन गरी वडाको चलानी र सुत्रप्रणालीबाट असुली रसिद बीच भिडान हुनुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

**१४ सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले सार्वजनिक परीक्षणअन्तर्गत आयोजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई पालना गरेको देखिएन। आयोजनाको सार्वजनिक परीक्षण तथा भौतिक र वित्तीय प्रतिबेदन सम्बन्धी ढाँचामा आवश्यक सबै बिवरण पूरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेको हुँदा पूरा विवरण नभरेको अवस्थाले आयोजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला आयोजनाहरूमा छनौटबाट परीक्षण गर्दा सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वियन भएको देखिएन। पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु आयोजनामा निर्देशिकाले तोके बमोजिम सबै विवरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउन विशेष ध्यान दिनुपर्दछ ।

**१५ क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,९२,८६,२७७.५० | ३,३९,६५,७१७.०८ | ५७.२९ |
| २ | पूर्वाधार विकास | ८,४४,३१,६५२.५० | ७,०५,६५,४७२.६८ | ८३.५८ |
| ३ | सामाजिक विकास | २३,७६,८०,६२६.५० | २०,१२,०८,३७९.४२ | ८४.६५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २,२८,०९,६५५.५० | १,७५,१२,८७८.२५ | ७६.७८ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६,४९,५६,३८९.०० | ५,८३,९८,१२६.०८ | ८९.९ |
| | जम्मा | ४६,५६,६४,६०१.०० | ३८,०९,८९,१८७.४३ | ८१.८१ |

१६ **वार्षिक लक्ष्य तथा प्रगति :**

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ। पालिकाले यस बर्ष पुँजीगत तर्फ रु. १४ करोड २ लाख ४ हजार बजेट व्यवस्था भएकोमा रु. १० करोड ४३ लाख १९ हजार (बजेटको तुलनामा ७४.४ प्रतिशत) खर्च गरेको छ ।

१७ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १४ वटा ऐन, ४ वटा नियमावली तथा ३६ वटा कार्यविधि समेत ५४ कानुन स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। स्थानीय राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाइ निर्माण भएका कानुन कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

१८ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी ३ र यस वर्षको २ गरी ५ वटा उजुरीहरु मध्ये कुनैपनि उजुरी फछ्यौंट नभई ५ वटा नै बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

१९ **जिन्सी व्यवस्थापनः**

जिन्सी व्यवस्थापन सम्बन्धी व्यहोराहरु निम्न बमोजिम रहेका छन् ।

१९.१ **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । जिन्सी निरीक्षण गराएको र जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको भएतापनि प्रतिवेदनको कार्यान्वियन भएको देखिएन । जिन्सी निरीक्षण प्रतिवेदनको सुझावको आधारमा नियमावलीको व्यवस्था बमोजिम मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

१९.२ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS):** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न

परिपत्र गरेको छ। प्रतिवेदनमा उल्लेखित फोटोकपी मेशिन लगायतका सामग्रीहरु मर्मत हुनुपपर्ने साथै साबिकका गा.वि.स.बाट हस्तान्तरण भई आएका जिन्सी सामानहरु समेत PAMS मा प्रविष्ट हुनुपर्ने देखिन्छ।

२० **सम्पत्ति हस्तान्तरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

२१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा गतवर्ष सम्म पदपूर्ति देखिएपनि हालको लेखापरीक्षण अवधि सम्म विभिन्न पदका २७ पदमा पदपूर्ति भई १३ पद रिक्त देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२३ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविधतर्फ मात्र रु. १० लाख ५४ हजार ९८४ खर्च लेखेको छ। चालु प्रकृतिको विविध खर्चलाई सकेसम्म मितव्ययी बनाउनुपर्दछ।

२४ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई लागि रु. ११ लाख २० हजार ५४० आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२५ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ । पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो ।

पालिकाले आ.व. २०८०।८१ मा पालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाको लागि भनी पटक पटक गरी कम्प्युटर तथा प्रिन्टर लगायत विद्युतीय सामग्रीहरु विभिन्न आपूर्तिकर्ताहरुबाट सोझै खरिद गर्दा रु. १४,३१,९५५।- खर्च गरेको छ । यसरी खरिद गर्नुअघि माग र आवश्यकताको विश्लेषण गरी खरिद योजना समेत तयार गरिएको छैन । जसले गर्दा खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन गएको छ । साथै खरिदको लागत समेत बढेको छ ।

| क्र.सं. | आपूर्तिकर्ता तथा खरिदको विवरण | भुक्तानी रु. |
|---|---|---|
| १. | (गो.भौ.नं. १०८-२०८०।१२।०४) ग्लोरी कम्प्युटर वर्ल्ड | ९८,२७५।- |
| २. | (गो.भौ.नं. ४७-२०८०।१२।०२) ग्लोरी कम्प्युटर वर्ल्ड | ९८,२७७।- |
| ३. | (गो.भौ.नं. १७२-२०८१।०१।२५) ग्लोरी कम्प्युटर वर्ल्ड | ८,५९,०८३।- |
| ४. | (गो.भौ.नं. ४९-२०८०।१२।०४) ग्लोरी कम्प्युटर वर्ल्ड | ८०,४१९।- |
| ५. | (गो.भौ.नं. ४५-२०८०।१२।०१) पुरी कम्प्युटर सेन्टर | ९८,५५७।- |
| ६. | (गो.भौ.नं. ३३-२०८०।०७।०३) स्कील नेट प्रा. लि. | १,९७,३४४।- |
| | जम्मा | १४,३१,९५५।- |

तसर्थ पालिकाले आगामी दिनमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्थालाई पालना गर्दै माग र आवश्यकताको विश्लेषण गरी वार्षिक खरिद योजनाको आधारमा प्रतिस्पर्धी, पारदर्शी तथा मितव्ययी तवरले पालिकाको खरिद इकाइ मार्फत खरिद गर्नुपर्दछ।

## २६ योजना तथा बजेट कार्यान्वयन

यस वर्ष योजना तथा बजेट कार्यान्वयन सम्बन्धमाा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्।

२६.१ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

२६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट ३० योजना तथा कार्यक्रममा रु. १ करोड २ लाख ४ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा २१.१३ प्रतिशत हुन्छ। सुरु बजेटको योजना संसोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिँदैन। तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## २७ करार कर्मचारी व्यवस्थापनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा ९ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. ५३ लाख ८९ हजार खर्च लेखेको छ ।

## २८ त्रैमासिक खर्चः

कार्यालयको लागि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा १३.६८, दोस्रो त्रैमासिकमा ०.०८. प्रतिशत, तेस्रो

त्रैमासिकमा ३४.५४ तथा चौथो त्रैमासिकमा ५१.६८ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३६.०७८ प्रतिशत खर्च गरेको छ। शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च (रु. हजारमा) | त्रैमासिक खर्च (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेश्रो | चौथो | आषाढ महिना |
| १ | पूँजिगत खर्च | १०४३१९३०१.४४ | १४२७९४६४.५२ | ८४६३५ | ३६०३६२९४.८९ | ५३९१८९०७ | ३७६३६२८३.**१५** |
| | प्रतिशत | | १३.६८ | **०.०८** | ३४.५४ | **५१.६८** | **३६.०७८** |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा १.६८ प्रतिशत तथा आषाढ महिनामा प्रतिशत ३६.०७८ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक वर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो।

२९ **आन्तरिक आम्दानी दाखिला नगरेकोः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१८,८८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३० **टनेल खरिदः**

वस्तु खरिद गर्दा आवश्यकता पहिचान गरी मितव्ययी रुपमा खरिद हुनुपर्दछ । पालिकाले ७५ प्रतिशत अनुदानमा किसानलाई वितरण गर्न भनी ६ गुणा १० मि. साइजका १०० वटा टनेल खरिद गरी मिति २०८१।०३।२३ मा गो.भौ.नं. १११५ बाट आपूर्तिकर्तालाई रु. ३,६२,७५७।०० भुक्तानी गरेकोमा खरिद गरिएको टनेल किसानलाई वितरण नगरी भण्डारमै रहैको पाइयो । समग्री खरिद गरी भण्डारमा राख्ने कार्यलाई रोक्नुपर्ने र यस सम्बन्धमा स्पष्ट मापदण्डको आधारमा मात्र आवश्यक सामग्री खरिद गरी पारदर्शी ढंगले वितरण गर्नुपर्दछ।

३१ **दरबन्दी बाहिरका करार कर्मचारीः**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) बमोजिम पालिकाले सवारी चालक, , कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ। पालिकाले माथि उल्लेखित पद बाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना २ जना सरसफाइ कर्मचारी र २ ल्याब असिस्टेन्ट समेत ४ कर्मचारी नियुक्त गरी तलब भत्ता बापत रु. १०५१८००।०० भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमित हुनुपर्ने रु.

| अनियमित भएको | १०,५१,८०० |
|---|---|

३२ **सडक मर्मतः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१९४,९१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३३ **आकस्मिक सरसफाईः**

सडकको आकस्मिक मर्मत तथा सरसफाई गर्न पालिकाले पालिकास्तरीय सडक गुरुयोजना बनाई गुरुयोजना भित्रका सडकको मर्मत तथा सरसफाईको लागि विशेष कोषको कानुनी व्यवस्था गरी उक्त व्यवस्था बमोजिम कोष सञ्चालन मार्फत आकस्मिक सरसफाईका

कार्यहरु हुनुपर्नेमा गा.पा. पुँजीगतबाट विभिन्न उपभोक्ता समिति तथा व्यवसायीलाई निम्नानुसार रु. २२३६८१६।०० भुक्तानी गरेको पाइयो । विशेष कोषको व्यवस्था गरी कार्यविधि बानाई सोही बमोजिम आकस्मिक सरसफाईका कार्यहरु सञ्चालन हुनुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | भुक्तानी पाउने | भुक्तानी रु. |
|---|---|---|---|
| १ | ३१-२०८०।०७।०१ | सडक सरसफाई नि.उ.स. - ६ | ५१०००० |
| २ | ३२-२०८०।०७।०१ | APC Construction | ९१८१६ |
| ३ | ८२-२०८०।१२।०८ | सडक सरसफाई तथा स्तरोन्नति उ.स. - ५ | ५००००० |
| ४ | १२६-२०८०।१२।२१ | सडक सरसफाई तथा स्तरोन्नति उ.स. - २ | ५२०००० |
| ५ | १२९-२०८१।०३।२० | सडक सरसफाई तथा स्तरोन्नति उ.स. - ६ | ९०००० |
| ६ | १२८-२०८०।१२।२१ | सडक सरसफाई तथा स्तरोन्नति उ.स. - ३ | ५२५००० |
| | | जम्मा | २२३६८१६ |

३४ **पालिकाको खर्च र आन्तरिक आयः**

पालिकाको आन्तरिक आय वृद्धि गरी अनुदान माथिको निर्भरता कम गर्नुपर्दछ । विगत ३ वर्षमा आन्तरिक आय तथा खर्चको अनुपात निम्नानुसार रहेको पाइयो ।

| क्र.सं. | आ.व. | जम्मा खर्च | जम्मा आन्तरिक आय | आन्तरिक आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७८।७९ | ३६४२५०५२३।९१ | २३९९६९६।१६ | ०.६६ |
| २ | २०७९।८० | ३९३७२१८२१।०६ | ३७७९५४५।०५ | ०.९६ |
| ३ | २०८०।८१ | ३८०९८१८७।४३ | १८७४२१०।८३ | ०.५ |

उल्लेखित अवस्था हेर्दा पालिकाको पछिल्लो तीन आ.व.को कुल खर्चमा आन्तरिक आयले पुर्याएको योगदान अत्यन्त न्यून अर्थात् क्रमशः ०.६६, ०.९६ र ०.५ प्रतिशत मात्र रहेको पाइयो । पालिकाले आन्तरिक आय वृद्धि गर्न आयको दायरा बढाउनुपर्दछ र भुवर्गीकरणको आधारमा भुमी तथा सम्पत्ति कर पुनरावलोकन हुनुपर्दछ।

३५ **आय वृद्धि योजनाः**

आन्तरिक आय बढाउन पालिकाले आयको क्षेत्र र दायरा विस्तार गरेको छैन । आन्तरिक आय वृद्धिको लागि कार्ययोजना बनाई कार्य नभएको साथै नयाँ भूवर्गीकरण सँगै एकीकृत सम्पत्ति कर तथा भूमिकरमा पुनरावलोकन हुनुपर्दछ।

३६ **घटी दाखिलाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३७ **मू.अ. कर दाखिलाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१०६,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३८ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसूची १ अनुसार तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सक्ने व्यवस्था छ। कार्यालयले यो वर्ष कन्टिन्जेन्सीबाट खर्च गरेतापनि सोको व्यवस्थित अभिलेख राखेको छैन । कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा नियम १० (७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था वाहेक अन्य कुनै आधार देखिँदैन। सार्वजनिक निर्माणको सम्वन्धमा वर्क चार्ज खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्च समावेश हुने हो सो सम्वन्धमा ऐन नियममा स्पष्ट उल्लेख छैन। पालिकाले कन्टेन्जेन्सी खर्च सम्बन्धमा कुनै कार्यविधि तयार गरेको देखिएन। कन्टिन्जेन्सीबाट गरिने खर्च सम्वन्धमा स्पष्ट कार्यविधि तयार गरी खर्च गर्नुपर्दछ।

३९ **कृषि तथा पशुमा अनुदानः**

कृषि तथा पशुमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित प्रमुख कार्यक्रमहरु देहाय अनुसार छन्।

**कृषि शाखाबाट सञ्चालित अनुदान कार्यक्रमहरु**

| गो.भौ.न. र मिति | विवरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| ९४० ०८१।०३।१२ | ७५% अनुदानमा मौरिको घार वितरण कार्यक्रम | ४,९३,५०० | १२१ जनालाई १ देखि ५ वटा सम्म वितरण |
| ७७ ०८०।११।१६ | ५० % अनुदानमा खाद्यान्न बालीको उन्नत विउ उपयोग कार्यक्रम | २,३०,६०० | ५७६० के.जी. खरिद तथा वितरण भएको |
| १०९८ ०८१।०३।२१ | ७५ % अनुदानमा वर्षे फलफूल बिरुवा वितरण कार्यक्रम | २,८२,००० | कागती र सुन्तलाको बिरुवा खरिद तथा वितरण |

**पशु विकास शाखाबाट वितरण भएका अन्य अनुदान कार्यक्रमको विवरण**

| क्र.सं. | विवरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | उन्नत जातको गाई वा भैँसी खरिद गरी ल्याउने किसानलाई अनुदान | ३,४०,००० | एउटाको २० हजारका दरले १७ वटाको अनुदान वितरण। |
| २ | खोर सुधार कार्यक्रम अन्तर्ग लेयर्स तथा ब्रोइलर कुखुरा पालनमा अनुदान | २,७०,००० | ९ किसानलाई ३० हजारका दरले अनुदान वितरण । |
| ३ | बङ्गुर तथा बाख्राको पाठापाठी खरिदमा ७५ प्रतिशत अनुदान | २,७०,००० | १८ वटा पाठापाठीमा १५ हजारका दरले अनुदान वितरण |
| ४ | लोकल गाई संरक्षण कार्यक्रम अन्तर्गत अनुदान | १,१५,००० | ४६ वटा गाईमा २५ हजारका दरले अनुदान वितरण । |
| ५ | हिउँदे घाँसको बिउ वितरण कार्यक्रम अन्तर्गत अनुदान | ५०,००० | |
| ६ | डाले घाँसको बिरुवा वितरण कार्यक्रम अन्तर्गत अनुदान | १,४७,५०० | |

कृषि तथा पशुमा अनुदान सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न अनुसार छन्।

• किसानलाई कुखुरापालन, बाख्रा, बङ्गुर र भैँसी तथा गाईमा अनुदान वितरण गर्दा लक्षित वर्गको छनोट के कसरी कुन मापदण्डको आधारमा भएको हो प्रष्ट खुलेको छैन।

• किसानले खरिद गरेका र पालेका बाख्रा, बङ्गुर तथा भैँसी र गाईको जात, स्वास्थ्य अवस्था र गुणस्तर सम्बन्धमा पशु प्राविधिकले चेक जाँच गरी प्रमाणित गरिएको छैन।

• अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन।

तसर्थ पालिकाले प्रष्ट मापदण्ड सहितको कार्यविधि बनाई उन्नत जातको स्वस्थ र गुणस्तरीय पशुमा प्राविधिक जाँचको प्रमाणको आधारमा मात्र अनुदान वितरण गर्नुपर्दछ । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा उत्पादनमा आधारित ठूला अनुदानका कार्यक्रम संचालन गरी व्यवसायिक पशुपालनलाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

४० **भकारो सुधार कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष पशु विकास शाखाबाट सञ्चालित भकारो सुधार कार्यक्रमको भुक्तानी दिँदा कृषक कल्याणकारी बचत कोष कार्यक्रम शिर्षकबाट रु. ५९००००।०० खर्च लेखेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९०,००० |

४१ **दूधमा ढुवानी अनुदानः**

पालिकाबाट वितरित अनुदान सम्बन्धित किसानसम्म पुगेको सुनिश्चित हुनुपर्दछ । पालिकाले दूधको उत्पादन र बजारीकरण अभिवृद्धि गरी व्यवसायिक पशुपालनमा प्रोत्साहन गर्न कृषि फर्म तथा सहकारी मार्फत दूधको सङ्कलन र बिक्री वितरण गर्ने किसानहरुलाई प्रतिलिटर दूधमा ५।००। ढुवानी अनुदान दिनेगरी बजेट विनियोजन भए बमोजिम दूधको परिमाण नखुलाई मिति २०८१।०२।०३ मा गो.भौ. नं. ८११ बाट बाच्छा बहुउद्देश्यीय सहकारी संस्था लि. लाई रु. ८८,७७९.२० भुक्तानी गरेको पाइयो । सहकारीलाई भुक्तानी भएको उक्त रकम सम्बन्धित किसानले भुक्तानी प्राप्त गरेको प्रमाण संलग्न भएको नदेखिएकोले सम्बन्धित किसानलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२११,२२०.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८८,७७९.२ |

४२ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा विभिन्न सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. ७,९४,२७,००० विनियोजन भएकोमा रु. ७,९२,१९,५५८।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

४२.१ **सूचना प्रवाहः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेभसाइटमा राखु पर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन।

४२.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन।

४२.३ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४१,६०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **उपभोक्ता समितिबाट खरिद कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६३ को दफा ४० मा उपभोक्ता समिति वा लाभग्राही समूह मार्फत काम गराउने सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । पालिकाले ऐनको व्यवस्था विपरीत निर्माण कार्य गराइ उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा सामग्री खरिदका लागि भुक्तानी दिएको नियमित हुनुपर्ने रु.

| गो भौ नं मिति | विवरण | भुक्तानीपाउने | रकम |
|---|---|---|---|
| ७०५ - ०८१।०२।१४ | विद्युतीकरण | वरिचौर सामूदायिक विद्युतीकरण | ३००००० |
| १२९ - ०८०।०३।२२ | माझी समुदाय पोशाक खरिद | बाच्छा माझी उत्थान समिति | ५०००० |
| १००९ - ०८१।०३।१५ | सडक बत्ति खरिद | वडा नं. ५ सडक बत्ती जडान उ.स. | ५०००० |
| **जम्मा** | | | **४०००००** |

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले 753 वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चानल कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत पालिकाले यस आ.व.मा विभिन्न वडाहरुमा नाली सरसफाई, मोटरबाटो सोलिङ तथा सरसफाइ, सिँचाइ कुलो मर्मत तथा नहर सरसफाइ, पदमार्ग निर्माण गर्ने लगायतका प्याकेजमा निर्माण, मर्मत तथा सरसफाइका कार्य सञ्चालन गरी जम्मा २८७ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ४२ लाख ३७ हजार १२४ खर्च गरेको छ। पालिकाले लक्षित वर्गलाई औसत ३० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४५ **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१(३) अनुसार प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियामा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा सम्बन्धित लाभग्राही उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने

ब्यवस्था छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०८०।८१ मा पालिकाले तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरेको छ ।

| क्र.सं. | कार्यक्रम /प्याकेजको नाम | विस्तृत विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १. | नयाँ उद्यमी सिर्जना | ग्रामीण उद्यमशीलता विकास केन्द्र मार्फत (प्राविधिक सीप विकास तालिम) | ३,५४,७८८ | (सेनिटरी प्याड र डल कुशन उत्पादन, तरकारी खेती) |
| २. | पुराना उद्यमीको स्तरोन्नति तालिम | संगम तालिम तथा परामर्श केन्द्रमार्फत तालिम सञ्चालन | २,३६,९६१ | (रु. १,२८,९६८ कर्मचारी पारिश्रमिक शिर्षकबाट) |

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै विक्रि गरि प्राप्त रकम तोकिए बमोजिमको राजस्व खातामा दाखिला गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि विक्री नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८०।८१ मा सञ्चालन गरेको नयाँ उद्यमी सिर्जना (सेनिटरी प्याड र डल कुशन उत्पादन, तरकारी खेती तालिम) र स्तरोन्नति कार्यक्रम (चुरापोते माला उत्पादन स्तरोन्नति तालिम) सञ्चालन गरेकोमा उल्लेखित तालिमहरुबाट उत्पादित सामग्रीहरुको अभिलेख राखेको छैन । तालिमको क्रममा उत्पादित सामग्रीहरुको बिक्री वितरण गरी प्राप्त रकम राजस्वमा दाखिला गरिएको छैन । सामग्रीहरुको जिन्सी दाखिला समेत गरिएको छैन । जसका कारण एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गर्नुगराउनुपर्दछ ।

४६ **फरक शिर्षकः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १ अनुसार सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालित पुराना उद्यमीको स्तरोन्नति तालिम बापत मिति २९८१।०३।२४ मा गो.भौ.नं. ११२३ बाट संगम तालिम तथा परामर्श केन्द्रलाई रु. २३६९६१।०० भुक्तानी दिएको मध्ये पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. १२८९६८।०० खर्च लेखेको नियम सम्मत नभएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,२८,९६८ |

४७ **प्राविधिक परामर्शः**

कार्यालयमा उपलब्ध प्राविधिक जनशक्तिको उच्चतम उपयोग हुनुपर्दछ । पालिकाले कार्यालयलमा पर्याप्त प्राविधिक जनशक्ति हुँदाहुँदै मिथ्लाङ कामाङ देउराली वहाकी भञ्ज्याङ उरामपोखरा सडक स्तरोन्नति, मोटरबाटो सरसफाई, माझगाउँ बस्ती संरक्षण, पाण्डेगाउँ सिँचाइ कुलो बाँध निर्माण, कालिकाकोट पौवा निर्माण, अम्बारी आधारभूत विद्यालयको कन्टिन्जेन्सी रकमबाट सोही योजनामा प्राविधिक मूल्याङ्कन बापत कार्यालयमा प्राविधिक जनशक्ति नभएको जनाई गो.भौ.नं. १५ मिति २०८०।०६।१६ बाट ग्लोबल एरा इन्जिनियरिङ कन्सल्टेन्सीलाई रु. ९९४५०।०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,४५० |

४८ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ बमोजिम परामर्श सेवाको लागत अनुमान तयार हुनुपर्दछ । पालिकाले नियमावलीमा भएको आधारहरु उल्लेख गर्दै सडक विभागको निर्णय समेतलाई आधार लिई विभिन्न सडक योजनाको गुणस्तर र लागत विधिबाट डिपीआर निर्माण सम्बन्धी परामर्श सेवा लिन तयार गरेको लागत अनुमान अनुसार प्रति कि.मि. सडकको लागत अनुमान रु. ९००७०।४३ देखिन्छ । तर पालिकाले बाच्छाखोला देउराली बच्छेश्वर ४.७५ कि.मि. सडकको डिपीआर निर्माणको लागत अनुमान रु. ४२७८३४।४९ हुनेमा लमसममा रु. ४९८९१६।४१ स्वीकृत गरी सफ्टवेयर हव प्रा.लि. सँग रु. ४९६०७०।०० मा सम्झौता गरी

गो.भौ.नं. १४० मिति २०८०।०६।०३ बाट रु. ४९६०७०।०० भुक्तानी भएको पाइयो । स्वीकृत लागत अनुमान भन्दा ०.५७ प्रतिशत घटी भुक्तानी भए तापनि फरक दरको लागत अनुमानका कारण रु. ७०६७५।०० बढी भुक्तानी भएको देखिन्छ । लागत अनुमान नै फरक पार्नेलाई जिम्मेवार बनाई बढी भुक्तानी देखिएको रकम सम्बन्धित परामर्शदाताबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,६७५ |

४९ **परामर्श सेवाको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २(क) अनुसार खर्च गर्ने अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको यकीन गरी खर्च गर्नुपर्नेका पालिकाले गा.पा. पुँजीगतबाट बाच्छाखोला देखि बच्छेश्वर मोटरबाटो निर्माण तथा स्तरोन्नति शिर्षकबाट परामर्श सेवा बापत परामर्शदाता कन्सेप्ट डिजाइन एण्ड डेभलपमेन्ट अथोरिटिलाई गो.भौ.नं. ३०४ मिति २०८१।०३।०३ बाट रु. ४९६००७।०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९६,००७ |

५० **डिपीआरः**

पालिकाले विभिन्न योजनाहरुको बिस्तृत डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य परामर्श सेवा लिएर गर्ने गरेको पाइयो ।पालिकाले आफ्नो प्राविधिक जनशक्तिको उच्चतम प्रयोग गर्नुपर्नेमा त्यसतर्फ कम ध्यान दिएको देखिन्छ ।पालिकबाट भएको डिपीआर निर्माणमा भएको खर्च र उक्त डिपीआर कार्यान्वयनको अवस्था निम्नानुसार छ।

| सि.नं. | योजनाको बिस्तृत विवरण | परामर्शदाताको नाम | खर्च रकम | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | बाच्छाखोलादेखि बच्चेश्वर मोटरबाटो निर्माण तथा स्तरोन्नति | कन्सेप्ट डिजाइन एण्ड डेभेलपमेन्ट अथोरिटी | १३६९५६० | आंशिक कार्यान्वयन |
| २ | इमिचौर रंगशाला र शिव मन्दिर हेल्थपोष्ट सडक, अँधेरीखोला वडा नं. ५ सडक खोरपोखरा, उरामपोखरा सडक शिव मन्दिर भञ्ज्याङ्ग सडकको डिपीआर | | १२१२००० | कार्यान्वयनमा नरहेको, संघ र प्रदेशमा बजेट माग गर्न डिपिआर तयार गरेको पालिकाको भनाइ । |
| ३ | खैरापाटा क्यूडाँडा भोक्सिङ्ग सडक, ढलेको वर मूल कुलो सडक, वर्राचौर देउराली सडक, विरुवापोखरी चौरको डिपीआर | डेलकन इन्टरनेशनल प्रा.लि. | १९७५९९७ | |
| ४ | डिजीटल भिलेज प्रोफाइल निर्माण | फोर जी इन्जिनियरिङ सोलुसन प्रा.लि. | १५०००००० | कार्यान्वयन भएको, नापी मालपोत र करसँग आबद्ध। |
| **जम्मा** | | | **६०५७५५७** | |

५१ **सामुदायिक सिकाई केन्द्र :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं. २.७.१३.११ को बुँदा नं. ६.७ अनुसार स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरेको, वार्षिक साधारण सभा भएको, साधरण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको, शैक्षिक सूचना ब्यबस्थापन प्रणाली भरेको केन्द्रहरुलाई अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले समाज सुधार सामुदायिक अध्ययन केन्द्रलाई इन्टर्एक्टिभ प्यानल बोर्ड खरिदका लागि मापदण्डमा उल्लेख भएको कागजात बेगर रु. १२०००० निकासा दिएको अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

५२ **आर्थिक लेखापरीक्षणः**

कार्यक्रम कार्यान्वयन पुस्तिकाकाको क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालयहरुलाई आर्थिक लेखापरीक्षण गर्नका लागि आधारभुत विद्यालयलाई प्रति विद्यालय रु. १०,००० र माद्यामिक विद्यालयलाई प्रति विद्यालय रु. १५,००० का दरले अनुदान उपलव्ध गराउने व्यवस्थानुसार पालिकाद्धारा भौ.नं. बाट ३० विद्यालयहरुलाई आर्थिक लेखापरीक्षणको लागी रु. ३४००००।०० निकासा भएकोमा लेखापरीक्षणको अवधिसम्म आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४०,००० |

५३ **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

५४ **स्यानिटरी प्याड खरिदः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७४९ जना रहेका छन। पालिकाले भौ.नं. १५६ बाट १०१०० थान स्यानिटरी प्याड शिवन्स स्यानिटरी न्यापकिन उद्योगबाट खरिद गरी रु. ७९८९१०।०० (मु अ कर समेत) खर्च लेखेको छ। खरिद गरेको सबै स्यानिटरी प्याड विद्यालयले बुझेको भरपाइ पेश भएको छ ।विद्यालयले बुझेको प्याडहरुको उपयोग र बाँकीको भण्डारण अवस्थाबारे कुनै विवरण पेश भएको देखिएन । प्याड भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित भण्डारण र सहज वितरण व्यवस्थाको सुनिश्चित गरेको अनुगमन हुनुपर्दछ।

५५ **इन्टरनेट जडान :**

(चार विद्यालयको रु. ४८ हजार लगत कट्टा गरी बाँकी प्रतिकृयाबाट थप लगत कायम गरिएको।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५६ **विद्यालयको शैक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,०४३,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **दिवा खाजा कार्यक्रमः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **८,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत शिक्षक दरवन्दी पर्याप्त नभएको भनि निजी स्रोतमा शिक्षक नियुक्त गरी समानीकरण अनुदानबाट देहायका विद्यालयमा तलवको लागि रकम निकासा गरेको पाईयो । आवश्यक भए दरबन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका निजी स्रोतका शिक्षकहरुको लागि तलव भत्ता दिने गरी अनुदान दिएको देखियो । यस्तो प्रवृत्तिमा नियन्त्रण गरिनु पर्दछ। अतः कानुन विपरितको निम्नानुसारको भुक्तानी नियमित हुनुपर्ने रु.

| भौचर नं. र मिति | विद्यालयको नाम | रकम |
|---|---|---|
| ११६-२०८०।०६।३० | श्री आम्बरी आ वि | ९८७०६ |
| ११४-२०८०।०६।३० | श्री आम्बरी मा वि | २९४००० |
| २०१-२०८०।११।१७ | श्री आम्बरी आ वि | ९८७०६ |
| २०३-२०८०।११।१७ | श्री जनसेवा प्रा वि | ६०००० |
| २०५-२०८०।११।१७ | श्री आम्बरी मा वि | २९४००० |
| ३२९-२०८०।१२।०२ | नेपाल तारा मा वि | २५०००० |
| १००४-२०८०।०३।१४ | श्री आम्बरी मा वि | ५३८८२ |
| ९८६-२०८१।०३।१४ | श्री आम्बरी मा वि | २१८००० |
| **जम्मा** | | **१३६७२९४** |

| अनियमित भएको | १३,६७,२९४ |
|---|---|

५९ **अवलोकन भ्रमण कार्यक्रमः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ अनुसार सक्कल प्रमाण कागजात तथा विल भर्पाइ सम्लग्न राखेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य स्वयंसेविकाहरुको लागि मिति २०८०।०९।२६ देखि ९।२९ सम्म अवलोकन भ्रमण कार्यक्रम आयोजना गरी रु. १,००,००० खर्च गरेको छ।गाडी भाडा सम्झौता गरी गाडी भाडा वापत रु ३०००० भुक्तानी गरेकोमा सम्झौतामा समेत अवलोकन भ्रमण गर्ने स्थान खुलाएको पाइएन । अवलोकन भ्रमण कार्यक्रममा सर्वप्रथम स्थानको छनौट भएपश्चात मात्र अन्य तयारी गर्नुपर्नेमा स्वास्थ्यकर्मीको समूहले कुन स्थानको भ्रमण गरेको सम्बन्धमा संलग्न श्रेस्ताबाट खुल्दैन ।तसर्थ अवलोकन भ्रमण गर्ने स्थान, सहभागीहरुको हाजिरी तथा भ्रमण कार्यक्रमबाट प्राप्त भएको उपलब्धि र त्यसबाट प्राप्त सिकाइ लगायत समग्र विवरण खुलेको प्रतिवेदन बेगर गरेको भुक्तानी नियमित हुनुपर्ने रु..

| अनियमित भएको | १,००,००० |
|---|---|

६० **शुत्रमा फरक शिर्षकमा पोष्टीङः**

एकीकृत आर्थिक संकेत, वर्गीकरण र व्याख्या, २०७४ मा फरक शीर्षकबाट खर्च लेख्न नपाउने व्यवस्था छ । एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या २०७४ मा फरक शीर्षकबाट खर्च लेख्न नपाउने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खर्च लेखेकोमा जुन शीर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शीर्षकबाट खर्च लेखि भुक्तानी गरेको देखियो । यसबाट तोकिएको शीर्षकमा खर्च लेखाङकन तथा विश्लेषण नहुने देखिएकाले यसबाट तयार गरिएको आर्थिक विवरणले यथार्थ अवस्था चित्रण हुने देखिदैन । यसरी खर्च लेखी भुक्तानी गरेको रकम नियमित हुनुपर्ने रु.

| भौ.नं. र मिति | स्वीकृत शीर्षक | खर्च भएको शीर्षक | खर्च रु. |
|---|---|---|---|
| ४७८-०८०।१२।२७ | महंगी भत्ता | स्थानीय भत्ता | ३७००० |
| ९९६-०८१।०३।१४ | फिल्ड भत्ता | पारिश्रमिक कर्मचारी | १०७७४२ |
| ७७७-०८१।०२।३० | भैपरि खर्च | वहाकीठाँटी सामुदायिक विद्युतीकरण उस | १००००० |
| १०४२-०८१।०३।१७ | भैपरि खर्च | वहाकीठाँटी सामुदायिक विद्युतीकरण उस | १६१५१८ |
| १०९७-०८१।०३।२१ | भैपरि खर्च | शिक्षा क्षेत्र सञ्चालन तथा व्यवस्थापन | ७४५०० |
| **जम्मा** | | | **४८०७६०** |

| | |
|---|---|
| अनियमित भएको | ४,८०,७६० |

६१ **ठेक्का नं. २०८०।८१-२ (विहाकी मा.वि. चरकोठे भवन निर्माण):**

विहादी मा.वी. को चार कोठे भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी पैंयु कालिका सप्लायर्स तथा कन्सट्रक्सनसँग ७ महिना (मिति २०८१।०३।१४) भित्र निर्माण सम्पन्न गर्ने गरि मिति २०८०।०८।१७ मा रु. ६४,२०,८४६.७७ मा सम्झौता भएको छ । यस सम्बन्धि देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

६१.१ **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ अनुसार हुने व्यवस्था गरेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ । यस गाउँपालकाबाट ठेक्का बन्दोबस्त गरिएको विहाकी मा.वि.को भवन निर्मण कार्यको प्राविधिक सहयोग, नाप जाँच तथा सवारी साधन गाउँपालका बाटै प्रयोग गर्ने गरेकोमा कन्टिन्जेन्सी खर्च विद्यालयलाई भुक्तानी गर्नु नियम सम्मत देखिएन । कन्टिन्जेन्सी खर्च निर्माणाधिन संरचनाको साना तिना खर्च पुरा गर्ने उद्देश्यले राखिएको हुने हुदा निर्माण सम्बन्धीका प्राविधिक कार्य र अन्य सानातिना खर्च समेत गाउँपालिकाबाटै हुने भएकोले सो खर्च गाउँ पालिकाले नै गर्नु पर्दछ । यो वर्ष रु. ५२०००.०० र रु. २२३६३२.६५ गरी कुल रु. २७५६३२.६५ गाउँपालिकाले खर्च नगरी विद्यालयको खातामा जम्मा गरेको हुँदा सो रकम संघीय संचित कोष दाखिला हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७५,६३२ |

६१.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१.३ **विद्यालयलाई बढी निकासाः** संघीय सरकारको सशर्त अनुदान नमुना विद्यालय निर्माणको लागी यस कार्यालयले श्री वहाकी मा.वि.को खातामा रु. ९४४०५७९.०० भुक्तानी गरेको छ । भुक्तानी भएको रकम बाट रु. ११७६६५४.३५ बाँकी रहेको देखियो । नमुना विद्यालयको लागी कुन कुन संरचना निर्माण गर्नु पर्ने सो विवरण शिक्षा मन्त्रालयबाटै तोकेर पठाउने हुदा प्राप्त अनुदान सोही स्थानमा मात्र खर्च गर्नु पर्ने हुन्छ । यस कार्यालयले भुक्तानी गरेको रकम मध्ये देहायको रकम विद्यालयको खातामै बाँकी रहेको देखिदा सो रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सो मै प्रयोग भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी संघीय संचितकोष दाखिला हुनु पर्ने रु.

| विवरण | गो.भौ.नं. र मिति | निकासा रकम |
|---|---|---|
| प्रथम निकासा | ९-०८०।१२।०१ | ५०००००० |
| दोस्रो निकासा | ३७-०८१।०३।२४ | ४४४०५७९ |
| जम्मा निकासा (क) | | ९४४०५७९ |
| भवन निर्माणको भुक्तानी | | ७६८८२९२.७२ |
| ट्रस ब्रिजको रकम फिर्ता हुनु पर्ने | | ३००००० |
| कन्टिन्जेन्सी रकम फिर्ता हुनु पर्ने | | २७५६३२.६५ |
| विद्युत वायरिङ्गको लागी निकासा | | ८०१३९१.७५ |
| जम्मा खर्च (ख) | | ९०६५३१७.१२ |
| बाँकी रहेको रकम (क-ख) | | ३७५२६१.८८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७५,२६२ |

६२ **ठेक्का नं. २०८०।८१-०६ (विरुवारी नेपालतारा देखी ठाँटीचौर सडक निर्माण):**

विरुवारी नेपाल तारा माध्यमिक विद्यालय देखी ठाँटीचौर सम्मको सडक स्तरोन्नती गर्ने कार्यकोलागि रु ३९८७४४४.७९ कवोल रकममा १ (एक) महिना भित्र सम्पन्न गर्ने गरि मिति २०८१।०२।१७ मा निर्माण व्यवसायी श्री ए.जे. ड्वाईन्टीसेभेन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. सँग सम्झौता भएको छ । एक महिना भित्र निर्माण सम्पन्न गर्नेगरी निर्माण व्यवसायीलाई कार्यादेश दिएकोमा सो अवधी सम्म रु. २६१३७७५.३६ रकमको कार्य मात्र भएको हुदा सो रकम मात्र भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

६२.१ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा प्रतिवेदन तयार गर्नु पर्ने र निर्माण कार्यको हकमा नब्बे प्रतिशत निर्माण कार्य सम्पन्न भएको तथा आयोजनाको उद्वेश्य अनुरुप सामान्य प्रयोग वा संचालनमा आएको अवस्थामा निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्वीकार प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था गरेको छ । यस कार्यालयले विरुवारी नेपाल तारा माध्यमिक विद्यालय देखी ठाँटीचौर सम्मको सडक निर्माण कार्यको लागी निर्माण व्यवसायी श्री ए.जे. ड्वाईन्टीसेभेन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. सँग रु. ३९८७४४४.७९ मा सम्झौता भई निर्माण कार्य गरेकोमा यस आर्थिव वर्ष सम्म भएको निर्माण कार्य वापत गो.भौ.नं. ५/२०८१/०३/२३ बाट रु. २६१३७५७.३६ भुक्तानी भएको पाईयो । वर्षादको समयमा पानीले गर्दा वाटो बिग्रिन गई आवत जावतमा समस्या हुन्छ भनी मेसनरी वाल लगाउने तथा ढलान गरी आवत जावत सहज बनाउने उद्वेश्यले निर्माण कार्य सुरु गरेकोमा आर्थिक वर्ष भित्र निर्माण कार्य सम्पन्न हुन नसकेको जनाई सडक निर्माणको मुख्य उद्देश्यनै पुरा नदुदै निर्माण कार्य स्वीकार गरेको पाईयो । कार्यालयले सम्झौता भन्दा ३५

प्रतिशत घटी निर्माण कार्य र निर्माण कार्य गर्नुको उद्वेश्य पुरा हुने अवस्था नहुदा समेत निर्माण व्यवसायीलाई कार्य स्वीकार प्रतिवेदन जारी गरेको छ। सम्झौताको उद्वेश्य हासिल नहुने गरी भएको निर्माण कार्य वापतको भुक्तानी रु. २६१३७५७.३६ समेत उपयोग विहिन हुने गरी कार्य स्वीकार गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

*(नोटः जम्मा भुक्तानी मध्ये रु. १२४६२२७ घटी उचाईमा ढलान कार्य गरेको भनी लगती गरिएको बाँकी मात्र लगती गरिएको)*

| | |
|---|---|
| अनियमित भएको | १३,६७,५३० |

६२.२ **ढलान कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा खरिद सम्झौता अनुसार रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । साथै यस सडको निर्माण गर्दा सडकको स्पेसिफिकेशन बमोजिम तयार पारिएको स्वीकृत लागत अनुमान बमोजिम निर्माण कार्यको परिमाणको भुक्तानी गर्नुपर्दछ । सडकको ढलान कार्यको लागी लागत अनुमान बनाउदा चेनेज नं. ०+१२० देखी ०+८५२ भित्र विभिन्न स्थानमा कुल १८२ मिटर लम्बाईमा ढलान गर्ने गरी स्थान तोकि ०.२० मिटर मोटाईको ढलान कार्य गर्ने गरी स्वीकृती गरेकोमा कार्यालयले चेनेज नखुलाई कुल १५५ मिटर लम्बाईमा ५.२ मिटर चौडाईमा केवल ०.१५ मिटर मोटाईमा मात्र ढलान कार्य गरेको हुँदा स्पेसिफिकेशन बमोजिम घटी मोटाईमा ढलान कार्य गरेको भुक्तानी दिन नमिल्ने हुँदा सो सम्बन्धमा निर्क्यौल गरी ढलान गरिएको १४०.८५ घ.मी. कार्य प्रति घ.मी. रु. ७८३० का दरले मुल्य अभिबृद्धि कर सहित भुक्तानी गरेको रु. १२४६२२६.७२ स्वीकृत लागत अनुमान र सडक निर्माणको स्पेसिफिकेशन बमोजिम कार्य भएको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४६,२२७ |

६२.३ **डण्डीको नापीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । कार्यालयले विरुवारी नेपाल तारा माध्यमिक विद्यालय देखी ठाँटीचौर सम्मको सडक स्तरोन्नती कार्यको ढलान कार्यमा प्रयोग भएको डण्डीको वास्तविक नापी राखेको पाईएन । डण्डीको भुक्तानी गर्दा नापी कितावमा ४०३ वटा डण्डी १.५८ किलोग्राम प्रति मिटर गरी कुल ६३६.७४ किलोग्राम राखेको पाईयो । निर्माण कार्यमा डण्डीको प्रयोग गर्दा के कति दुरीमा डण्डी राखिएको हो र कति लम्बाईको डण्डी राखेको हो सोको समेत नापी राखेको देखिएन । यसरी वास्तविक प्रयोग भएको डण्डीको नापी बिना नै ६३६.७४ किलोग्राम डण्डीको प्रति किलोग्राम रु. १११.३६ का दरले रु. ७०९०७.३७ भुक्तानी गरेको छ । यसरी वास्तविक नापी बिना नै भुक्तानी गर्न सिफारिस गर्ने प्राविधिक लाई जिम्मेवार बनाउनु पर्दछ ।

६२.४ **यथार्थ नापी नराखेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा खरिद सम्झौता अनुसार रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । कार्यालयले निर्माण सम्पन्न भएको कार्यको भुक्तानी गर्दा लागत अनुमान गर्दा तोकेको चेनेज अनुसारको नापी नराखी चेनेज नै नखुलाई भुक्तानी गरेको पाईयो । लागत अनुमान स्वीकृत गर्दा ड्रेन र ढलानको कार्य चेनेज नं. ०+१२० देखी विभिन्न स्थानमा ०+८५२ सम्म गर्ने गरी गरेकोमा वास्तविक कार्यको नापी गर्दा सो चेनेजनै नखुलाई ड्रेन को नापी गर्दा कर्नर, छेउ तथा घुम्ती भनी नापी गरेको र ढलान कार्य एकमुस्ट १५५ मिटर भनी नापी गरेको पाईयो । यसरी सम्झौता गर्दा तोकिएको स्थानमा नै निर्माण कार्य भएको हो होईन भनी पत्ता नलाग्ने गरी नापी किताव तयार पारी रु. २६१३७७५.३६ भुक्तानी गरेको हुदा तोकिएकै स्थानमा सो कार्य भए नभएकोका विस्वस्त हुन सकिएन । कार्यालयले नै गर्ने भनि स्थान तोकिदिएको र सो अनुसार निर्माण कार्य भए नभएको नाप जाँच गरी नापी कितावमा राख्नु पर्नेमा निर्माण स्थल नै पत्ता नलाग्ने गरी नापी किताव राख्ने प्राविधिकलाई काम प्रति जिम्मेवार बनाउनु पर्दछ।

६२.५ **अधुरो अवस्थामा कार्य स्वीकारः** खरिद सम्झौता अनुसारको निर्माण कार्य गर्दा सम्झौताका सर्त बमोजिम सम्पुर्ण निर्माण कार्य सम्पन्न हुने गरी निर्माण गर्ने र सो अनुसार सम्पन्न भएको निर्माण कार्य सम्झौताका शर्त अनुसार भएको भनी सार्वजनिक खरिद नियमावली,

२०६४ को नियम ११७ अनुसार कार्य स्वीकार गर्नु पर्दछ । सम्झौता बमोजिमको निर्माण कार्य अधुरो छोड्ने निर्माण व्यवसायी लाई सार्वजनिक खरिद ऐन, २०६३ र सम्झौताका शर्त बमोजिम कार्य सम्पादन जमानत जफत गरी कारवाही गर्नु पर्दछ । ठेक्का कार्य अगाडि बढाउन नसक्ने काबु बाहिरको परिस्थिति बाहेकको पुष्ट्याई बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नसकिने अवस्थामा समेत कार्यालयले ३४ प्रतिशत घटी कार्य गरेको ठेक्का समेत स्वीकार गरेको देखिंदा सो कार्य नियम सम्मत देखिएन । विरुवारी नेपालतारा देखी ठाँटीचौर सडक निर्माण कार्यको लागी निर्माण व्यवसायीसँग रु. ३९८७४४४.७९ मा खरिद सम्झौता भएकोमा केवल रु. २६१३७५७.३६ को मात्र कार्य गरी रु. १३७३६८७.४३ (४३.४४% घटी) को काम बाँकी राखी अधुरो कार्य गर्ने निर्माण व्यवसायीलाई कारवाही गर्नु पर्नेमा सो नगरी अधुरो अवस्थामै कार्य स्विकार गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

६३ **हाईटेक टनेल निर्माणः**

हाईटेक टनेल निर्माणः गाउँपालिका अन्तरगतका किसानलाई तरकारीमा आत्मनिर्भर बनाउने उद्देश्यले कार्यालयबाट माग भए अनुसार संघीय सरकारको विशेष अनुदानबाट गाउँपालिकाका ६ वटै वडामा हाईटेक टनेल निर्माण गर्न रु. १,०३,३६,५०२.१० मा जि.सेभेन एग्रिकल्चर सँग मिति २०८० मंसिर १९ मा सम्झौता भएको पाईयो । प्रत्येक वडामा गई छनौट भएका कृषकहरुको घर घरमा टनेल निर्माण गर्ने कार्यको लागी गाउँपालिकाले आपुर्तिकर्ता तथा निर्माण व्यवसायी लाई मिति २०८१।०२।३० सम्मको म्याद दिएको र सो अवधिमा ९४ वटा टनेल निर्माण गरि सक्नु पर्ने सम्झौतामा उल्लेख गरेको छ । तोकिएको समयमा हाईटेक टनेल निर्माण गरिए तापनि सो टनेलमा के कस्ता प्रकारका तरकारी उत्पादन गर्ने, कुन मौसममा के तरकारी उत्पादन गर्ने सम्बन्धमा गाउँपालिकाले प्रत्येक किसानलाई अभिमुखिकरण गर्नु पर्ने देखिन्छ । हाईटेक टनेल प्राप्त गर्ने किसानले सो टनेलमा तरकारी खेती गरे नगरेको अनुगमन गर्ने कार्य गाउँपालिकाले समय समयमा गर्नु पर्ने तथा तरकारी खेती नगर्ने किसानलाई टनेल निर्माण गर्न प्राप्त भएको अनुदान रकम सम्मको जरिवान गर्ने गरी विशेष कदम चाली प्राप्त अनुदानको पुर्ण उपयोग गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

| सि.नं. | वडा नं. | निर्माण गर्नु पर्ने टनेल संख्या |
|---|---|---|
| १ | १ | ८ |
| २ | २ | १८ |
| ३ | ३ | २४ |
| ४ | ४ | १८ |
| ५ | ५ | १३ |
| ६ | ६ | १३ |
| जम्मा | | ९४ |

६४ **ठेक्का नं. २०७९।८०-०३ (प्रशासकिय भवन कम्पाउण्डिङ्ग वाल तथा फ्लोरिङ्ग):**

प्रशासकिय भवन कम्पाउण्डिङ्ग वाल तथा फ्लोरिङ्ग तथा व्युटिफिकेसन गर्ने कार्यको लागि निर्माण व्यवसायी रोजिमा कन्सट्रक्सनसँग ८ महिना (मिति २०८०।०३।१९) भित्र निर्माण सम्पन्न गर्ने गरि मिति २०७९।०७।१९ मा रु. ७९२०५१०.८० मा सम्झौता भएको छ । निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको कारण २०८१ असार मसान्त सम्म म्याद थप गरी निर्माण सम्पन्न गरेको पाईयो । यस सम्बन्धि देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

६४.१ **पुर्व निर्धारित क्षतिपूर्तीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपुर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढीलाईको कारण खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यमदमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधाहरणतया प्रति दिन सम्झौता रकमको शन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने उल्लेख छ । यस प्रशासकिय भवन कम्पाउण्ड वाल फ्लोरिङ्ग तथा व्युटिफिकेसन कार्यको म्याद मिति २०८०।०३।३१ सम्म रहेको मा निर्माण व्यवसायीले मिति २०८०।०६।०४ मा मात्र कार्य सम्पन्न गरेको हुदा मुल्याङ्कन गरी

भुक्तानीको लागी निवेदन पेश गरेको पाईयो । निर्माण कार्य सम्पन्न नहुदै मिति २०८०।०३।२४ मा यस कार्यालयको जाँचपास तथा सिफारिस समितिले अनुगमन गरि कार्य सम्पन्न भएको भनी सिफारिस गरेको अभिलेख समेत पाईयो । निर्माण गरिएका संरचनाको गुणस्तरिय कार्य भए नभएको स्थलगत अनुगमन गरी वास्तविक तथ्य सिफारिस गर्ने जाँचबुझ समितिले यसरी कार्य सम्पन्न नहुदै सम्पन्न भएको भनी सिफारिस गर्ने कार्यले यस समितीको वैधानिकता माथी प्रश्न उठाएको छ । त्यसैले निर्माणाधिन अवस्थामै निर्माण सम्पन्न भएको भनी सिफारिस गर्ने जाँचबुझ समितिलाई जिम्मेवार बनाई २०८० श्रावण १ गते देखी २०८० असोज ४ गते सम्म ६७ दिनको सम्झौता रकम रु. ६२८७१७७ (मु.अ.कर बाहेक) को प्रतिदिनको ०.०५ प्रतिशतका दरले हुने रु. ३१४३.५९ को ६७ दिनको रकम रु. २१०६२०.०० असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०,६२० |

६४.२ **निर्माण कार्यको बि.ओ.क्यूमा मोटर साईकल खरिदः** सार्वजनिक लेखासमितिको निर्णय अनुसार निर्माण कार्यको बि.ओ.क्यूमा सवारी साधन खरिद गर्ने गरी कुनै आईटम राख्न नपाउने गरी निर्देशन गरेको छ । कार्यालयले प्रशासकिय भवन कम्पाउण्डिङ्ग वाल तथा फ्लोरिङ्ग कार्यको बि.ओ.क्यूमा मोटर साईकल आपुर्ति गर्ने गरी आईटम राखी निर्माण व्यवसायी श्री रोजिमा कन्सट्रक्सनलाई रु. ३,८४,९००.०० भुक्तानी गरेको पाईयो । निर्माण कार्यको बि.ओ.क्यूमा सवारी साधन खरिद गर्ने गरी आईटम राख्दा निर्माण कार्यको लागत बढ्ने भएकोले यस प्रकारको कार्य नियन्त्रण गर्नु पर्दछ । यसरी सार्वजनिक लेखासमितिको आदेश विपरित हुनेगरी निर्माण कार्यको बि.ओ.क्यूमा सवारी साधन खरिद गर्दा योजनामा थप व्ययभार पारेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,८४,९०० |

६५ **डिप बोरिङ्ग सिंचाई आयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(१) मा खरिद सम्झौता अन्त गर्न सकिने र उपदफा (३) मा सम्झौता अन्त गर्दा वित्तिय फरफारक गर्नु पर्ने भएमा सो समेत गरेर मात्र सम्झौता अन्त गर्नु पर्ने व्यहोरा उल्लेख छ । गाउँपालिकाको वडा नं. २ र ३ मा सिंचाई सेवा पुऱ्याउने उद्देश्यले संघीय सरकारको समपुरक अनुदानमा निर्माण गर्ने गरी निर्माण व्यवसायी श्री नवलपुर ड्रिलिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि.संग मिति २०८१ असार ९ मा सम्झौता भएको पाईयो । मिति २०८१।०३।१८ भित्र (९ दिन भित्र) निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग रु. ८७५६५१२.०७ मा सम्झौता भएको छ । कार्यपालिकाको मिति २०८१।०३।१६ को निर्णय नं. २४ मा वर्षादको समय भएकोले निर्माण सम्पन्न हुन नसकेको र अर्को वर्ष बजेट प्राप्त हुने निस्चित नभएकोले ठेक्का रद्द गर्ने निर्णय गरेको पाईयो । सम्झौता गरेको ९ दिन भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता गर्ने तथा सम्झौता भएको ७ दिनमै निर्माण सम्पन्न नभएकोले रद्द गर्ने भन्ने कार्यपालिकाको निर्णय व्यवहारिक र कानुन सम्मत देखिएन । निर्माण व्यवसायीले खरिद सम्झौता भएको ४ दिनमै म्याद थपको लागीनिवेदन पेश गर्दा MS पाईप लगायतका निर्माण समाग्री निर्माण स्थलमा पुऱ्याएको जानकारी समेत गरेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ का प्रावधान अवलम्बन नै नगरी एक पक्षिय रुपमा ठेक्का अन्त्य गर्ने निर्णय गर्नु कानुन सम्मत देखिदैन । सम्झौता भएको ९ दिनमै निर्माण सम्पन्न हुन नसक्ने तथा अर्को वर्ष बजेट प्राप्त हुन नसक्ने व्यहोरा अवगत हुदा समेत अव्यवहारिक सम्झौता गर्ने पदाधिकारी तथा एक निर्माण व्यवसायीको कुरा नसुनी एक पक्षिय रुपमा सम्झौता भएको ७ दिनमै खरिद सम्झौता अन्त्य गर्न सिफारिस गर्ने पदाधिकारीलाई सार्वजनिक खरिद ऐन तथा नियमावली र सम्झौताका सर्त बमोजिम जवाफदेही बनाउनु पर्दछ।

६६ **स्थानीय तहका पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यो वर्ष रु. ८८ लाख ४६ हजार सुविधा बापत भुक्तानी भएको छ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु. १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ।पालिकाले ३० विद्यालयलाई सो वापत रु. ३६०००००। अनुदान उपलव्ध गराएकोमा ४ विद्यालयहरुको बिल प्रतिक्रियाबाट प्राप्त भएको, बाँकी २६ विद्यालयहरुको इन्टरनेट जडान भएको प्रमाण पेश नभएकोले ईन्टरनेट जडान भए नभएको एकिन गर्न नसकिएको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु. | ३,१२,००० |

| क्र.सं. | विद्यालयको नाम | बेरुजु (रु.) |
|---|---|---|
| १ | श्री जनप्रिय प्रा.वि., विहादी-१, बाच्छा | १२००० |
| २ | श्री जनकल्याण प्रा.वि., विहादी-१, बाच्छा | १२००० |
| ३ | श्री आम्बारी आ.वि., विहादी-२, बर्राचौर | १२००० |
| ४ | श्री आम्बारी मा.वि., विहादी-२, बर्राचौर | १२००० |
| ५ | श्री जन सेवा प्रा.वि., विहादी-२, बर्राचौर | १२००० |
| ६ | श्री लक्ष्मी प्रा.वि., विहादी-२, बर्राचौर | १२००० |
| ७ | श्री मातृभूमि प्रा.वि., विहादी-३, रानीपानी | १२००० |
| ८ | श्री जनता आ.वि., विहादी-३, रानीपानी | १२००० |
| ९ | श्री नेपालतारा मा.वि., विहादी-३, रानीपानी | १२००० |
| १० | श्री रानीपानी आ.वि., विहादी-३, रानीपानी | १२००० |
| ११ | श्री लोकतन्त्र प्रा.वि., विहादी-३, रानीपानी | १२००० |
| १२ | श्री गणतन्त्र प्रा.वि., विहादी-३, रानीपानी | १२००० |
| १३ | श्री सरस्वती प्रा.वि., विहादी-३, रानीपानी | १२००० |
| १४ | श्री जन चेतना प्रा.वि., विहादी-३, रानीपानी | १२००० |
| १५ | श्री रम्बादेवी प्रा.वि., विहादी-४, वहाकी | १२००० |
| १६ | श्री सगरमाथा मा.वि., विहादी-४, वहाकी | १२००० |
| १७ | श्री लक्ष्मी भवन मा.वि., विहादी-४, वहाकी | १२००० |
| १८ | श्री वहाकी मा.वि., विहादी-४, वहाकी | १२००० |
| १९ | श्री जन सेवा प्रा.वि., विहादी-४, वहाकी | १२००० |
| २० | श्री विद्याज्योति प्रा.वि., विहादी-४, वहाकी | १२००० |
| २१ | श्री कालिका प्रा.वि., विहादी-५, उराम | १२००० |
| २२ | श्री लक्ष्मी आ.वि., विहादी-५, उराम | १२००० |
| २३ | श्री चन्द्र मा.वि., विहादी-५, उराम | १२००० |
| २४ | श्री शिला आ.वि., विहादी-६, शालिग्राम | १२००० |
| २५ | श्री बाल ज्योति प्रा.वि., विहादी-६, शालिग्राम | १२००० |
| २६ | श्री जन चेतना प्रा.वि., विहादी-६, शालिग्राम | १२००० |
| | जम्मा | ३१२००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : विहादी गाउँपालिका, पर्बत , बिहादी गाउँपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम प्रसाद शर्मा कंडेल | २०८०-२-१ | २०८०-७-१३ |
| कार्यालय प्रमुख | हरि प्रसाद भुसाल | २०८०-११-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुरेन्द्र पोखरेल | २०८०-११-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अर्जुन रिजाल | २०७६-८-१६ | २०८०-११-११ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९४५,४१३ | ६,५८६,७०९ | ५,२८५,७६८ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १२,८१७,८९० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,६२३,९८५.८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ३१२,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९,५०५,९०४.२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६२९६४६९६.२१ | |
| --- | --- | --- | --- |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९८१३७१०० | चालु खर्च | २७६६६९८७६.९९ |
| प्रदेश सरकारबाट अनुदान | ८९४१०००.० | पूँजीगत खर्च | १०४३१९३१०.४४ |
| राजश्व बाँडफाँट | ६१०२९०३८.३ | वित्तीय/अन्य व्यवस्था | ८८०६५५०१.३ |
| आन्तरिक आय | १८९३०९५.८३ | | |
| अन्य आय | ८१२९८८४१ | | |
| कुल आय | ४५१२९९०७५.१३ | कुल खर्च | ४६९०५४६८८.७३ |
| बाँकी मौज्दात | | ४५२०९०८२.६१ | |

## बेरूजु दफा ५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | |
|---|---|---|---|---|
| **क्र.सं./आर्थिक सङ्केत** | **विवरण** | **चालु आ.ब.को कारोबार** | | **गत आ.ब.को कारोबार** |
| | | **नगद** | **जम्मा** | **जम्मा** |
| | राजस्व, अनुदान र अन्य प्राप्तिः | | | |
| ११००० | कर | ६,५५,३७,३३०.३४ | ६,५५,३७,३३०.३४ | ५,४२,३८,९९४.२४ |
| १३००० | अनुदान | २८,९६,७७,२०४.८३ | २८,९६,७७,२०४.८३ | ३१,६४,८०,४६१.७२ |
| १४००० | अन्यराजस्व | ८०,७५,४५६.७९ | ८०,७५,४५६.७९ | ७२,७३,२४४.९० |
| १५००० | विविधप्राप्ति | ६२,२५०.०० | ६२,२५०.०० | ४४,१६८.०० |
| क | **कुल जम्मा प्राप्ति** | ३६,३३,५२,२४१.९६ | ३६,३३,५२,२४१.९६ | ३७,८०,३६,८६८.८६ |
| ३ | चालु | २७,६६,६९,८७६.९९ | २७,६६,६९,८७६.९९ | २५,८४,२८,०३५.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | ५,२५,१७,१५१.११ | ५,२५,१७,१५१.११ | ५,२०,३८,८०४.४८ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ५,९९,७२,०६७.८८ | ५,९९,७२,०६७.८८ | ४,८०,५८,००८.२३ |
| २५००० | सहायता (Subsidy) | १५,६५,७१,२३६.०० | १५,६५,७१,२३६.०० | १२,५५,९९,७८८.०० |
| २६००० | अनुदान | ० | ० | २,५३,८८,४१७.१५ |
| २७००० | सामाजिकसुरक्षा | ६८,२९,९२१.०० | ६८,२९,९२१.०० | ६०,६६,११७.५९ |
| २८००० | अन्यखर्च | ७,७९,५०१.०० | ७,७९,५०१.०० | १२,७६,९००.०० |
| ४ | पूंजीगत | १०,४३,१९,३१०.४४ | १०,४३,१९,३१०.४४ | १३,५२,९३,७८५.६१ |
| ३१११० | भवनतथा संरचना | ३४,६९,७४४.०० | ३४,६९,७४४.०० | ३,५१,५५,८८३.८९ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७२,७४,०९३.८४ | ७२,७४,०९३.८४ | ७७,३८,१०८.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ९२,९३,९२७.०० | ९२,९३,९२७.०० | ५९,४९,६६८.८३ |
| ३११५० | सार्वजनिकनिर्माण | ८,३८,९८,९३०.६० | ८,३८,९८,९३०.६० | ८,६१,५६,१२४.८९ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ३,८२,६१५.०० | ३,८२,६१५.०० | २,९४,०००.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | ३८,०९,८९,१८७.४३ | ३८,०९,८९,१८७.४३ | ३९,३७,२१,८२१.०६ |
| ग) | **बचत /कमी (ग = क-ख)** | (१,७६,३६,९४५.४७) | (१,७६,३६,९४५.४७) | (१,५६,८४,९५२.२०) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | (१,१८,६६८.४१) | (१,१८,६६८.४१) | (२८,५६,२५६.००) |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | (३,५७,२४४.११) | (३,५७,२४४.११) | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)** | (१,७७,५५,६१३.८८) | (१,७७,५५,६१३.८८) | (१,८५,४१,२०८.२०) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ६,२९,६४,६९६.५१ | ६,२९,६४,६९६.५१ | ८,१५,०५,९०४.७१ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)** | ४५२०९०८२.६३ | ४५२०९०८२।६३ | ६२९६४६९६.५१ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिंचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।